**आकाशवाणी समाचार- नेपाली**

मितिः ०३ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ कि भारत विश्वको तेस्रो सबैभन्दा ठुलो अर्थव्यवस्था बन्ने मार्गमा अग्रसर छ यसैले भारत आफ्नो आर्थिक हितहरु प्रति सजग रहनु पर्नेछ।

- केन्द्रीय मन्त्रि नितिन गडकरीले अघिल्लो दुई बर्षमा आंध्रप्रदेशको सड़कहरु अमरीकाको सड़कहरु सरह हुने बताउनुभएको छ।

- मेडिकलमा प्रवेशको लागि आज देशभरिमै बिभिन्न केन्द्रहरुमा नीट पीजी परीक्षा हुनेछ।

- मौसम विज्ञान विभाग ले अरुणाचल प्रदेश, आसाम, मेघालय, सिक्किम अनि पश्चिम बंगालको निम्न हिमालय क्षेत्रमा भारी वर्षाको पूर्वानुमान गरेको छ।

- एशियाई क्रिकेट परिषदले एशिया कप टी-20 मयाचहरुको लागि स्थानहरुको घोषणा गरेको छ।

**<u>प्रधानमंत्री-वाराणसी</u>**

प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ कि भारत विश्वको तेस्रो सबैभन्दा ठुलो अर्थव्यवस्था बन्ने मार्गमा अग्रसर छ यसैले भारत आफ्नो आर्थिक हितहरु प्रति सजग रहनु पर्नेछ। हिज उत्तरप्रदेशको वाराणसीमा बिभिन्न विकास परियोजनाहरुको लोकार्पण अनि शिलान्यास पछि एक जनसभामा उहाले भन्नुभयो- वर्तमान समयमा वैश्विक अर्थव्यवस्था बिभिन्न अनिश्चितताहरु अनि अस्थिरतासित अघि बढिरहेको छ अनि सबै देशले आफ्नो हितहरु माथि ध्यान केन्द्रित गरिरहेका छन्। यसैले स्वदेशीको संकल्प लिने नागरिकहरुको पनि दायित्व हो। प्रधानमंत्रीले भन्नुभयो कि त्यो प्रतेक चीज़ स्वदेशी हो जसमा कुनै भारतीयको पसीना अनि परिश्रम सामेल छ। उहाले देशवासिहरुलाई "वोकल फॉर लोकल" को मंत्र अपनाएर "मेक इन इंडिया" उत्पादहरुलाई प्रोत्साहन दिने संकल्प लिने आग्रह गर्नुभएको छ। श्री

बाईट

***मोदीले भन्नुभयो – हाम्रो घरहरुमा आउने प्रतेक नयाँ वस्तु स्वदेशी हुनपर्नेछ। प्रधानमंत्रीले व्यापारिहरु अनि पसलेहरु सित पनि केवल स्वदेशी उत्पाद बेच्ने संकल्प लिने अपील गर्नुभयो। श्री मोदीले मानिसहरुसित आगामी त्योहारहरुमा स्वदेशी उत्पादहरुको उपयोग गर्ने आग्रह गर्दै भन्नुभयो कि येहीनै महात्मा गांधीलाई साचो श्रद्धांजलि हुनेछ।***

**<u>गडकरी- बुनियादी ढाँचा अर्थव्यवस्था</u>**

केन्द्रीय मन्त्रि नितिन गडकरीले भन्नुभएको छ कि अघिल्लो दुई बर्षमा आंध्रप्रदेशको सड़कहरु अमरीकाको सड़कहरु सरह हुनेछ। श्री गड़करीले आंध्र प्रदेशको मंगलागिरीमा हिज 27 वटा सड़क विकास परियोजनाहरुको शिलान्यास अनि 5 हजार 2 सय 33 करोड़ रुपियाँको परियोजनाहरुको लोकार्पण गरे पछि मुख्यमंत्री एन. चंद्रबाबू नायडू सित एक सभालाई संबोधित गर्नुभयो। उहाले भन्नुभयो कि यी नयाँ परियोजनाहरुले आंध्र प्रदेशलाई तेलंगाना, कर्नाटक, ओडिशा अनि तमिलनाडुसित जोड्ने छ।

***श्री गड़करीले भन्नुभयो कि विजयवाड़ा-हैदराबाद सड़कलाई 6 लेनको बनाईने छ अनि हैदराबाद तथा विजयवाड़ा बीच एक्सप्रेसवे बनाईनेछ। यसले दुवै शहरहरुको बीचको दूरी घटेर दुई घन्टाको हुनेछ। उहाले हरित हाइड्रोजन अनि हरित ऊर्जा उत्पादन क्षेत्रमा आंध्रप्रदेश सरकारको प्रयासहरुको प्रशंसा गर्नुभयो। यस अवसरमा श्री नायडूले भन्नुभयो कि श्री गडकरीको मार्गदर्शनमा , देशमा प्रतेक दिन 37 किलोमीटर सड़कको निर्माण भैरहेको छ।***

**गुजरात-अश्विनी वैष्णव**

रेल मंत्री अश्विनी वैष्णवले आज गुजरातको भावनगर अनि अयोध्या कैंट बीच चलने साप्ताहिक रेलगाडीलाई प्रस्थान गराउनुहुनेछ। उहाले रीवा अनि पुणे बीच तथा जबलपुर अनि रायपुर बीच चलने रेल गाडिहरुलाई पनि वर्चुअल रुपमा झन्डा देखाएर प्रस्थान गराउनुहुने छ। यस अवसरमा गुजरातका मुख्यमंत्री भुपेन्द्र पटेल, मध्यप्रदेशका मुख्यमंत्री मोहन यादव अनि छत्तीसगढका मुख्यमंत्री विष्णु देव साय सहित केंद्रीय मंत्री मनसुख मांडविया अनि निमु बेन बामनिया पनि उपस्थित रहनु हुनेछ। श्री अश्विनी वैष्णव एक दिनको गुजरात भ्रमणमा हुनुहुन्छ। उहाले एपीपीसी कंटेनर यॉर्ड को भ्रमण गर्नुहुनेछ अनि भावनगरमा **विकसित भारत संवाद अन्तर्गत** जनसभालाई संबोधित गर्नुहुनेछ।

**स्वतंत्रता दिवस दिल्ली पुलिस**

आगामी स्वतन्त्रता दिवस समारोहलाई ध्यानमा राख्दै दिल्ली पुलिसले अगस्ट १६ सम्म दिल्लीमा परम्परागत उपकरणहरू उडान गर्न प्रतिबन्ध लगाएको छ। दिल्ली पुलिसले केही अपराधी, असामाजिक तत्व र आतंककारीहरूले प्याराग्लाइडर, प्यारा-मोटर, ह्याङ-ग्लाइडर, मानवरहित हवाई सवारी साधन, मानवरहित विमान प्रणाली, माइक्रोलाइट विमान, रिमोट-पाइलटेड विमान, तातो हावाका बेलुन जस्ता उपकरणहरूको दुरुपयोग गरेर सुरक्षामा खतरा निम्त्याउन सक्ने जानकारी प्राप्त गरेको थियो। यसलाई ध्यानमा राख्दै, दिल्ली पुलिस आयुक्त एस.बी.के. सिंहले हिजो यस सम्बन्धमा एक आदेश जारी गरेका छन्।

**जम्मू-कश्मीर-उत्खनन शिवलिंग**

जम्मू-कश्मीर के अनंतनाग जील्लामा रहेको एक झरनाको जीर्णोद्धारको लागि गरिएको उत्खननको क्रममा शिवलिंग सहित प्राचीन हिंदू मूर्तिहरु बरामद भएको छ। अधिकारिहरुले बताए अनुसार यी मूर्तिहरु ऐशमुकामको सालिया क्षेत्रको करकूट नागबाट बरामद भएका हुन्। पुरातत्व विभागका अधिकारिहरुले स्थलको भ्रमण गरेर मूर्तिहरुको आयु र उत्पत्तिको पत्तो लगाउनको लागि श्रीनगर पठाइने बताएका छन्।यो स्थल कश्मीरी पंडितहरुको लागि महत्वपूर्ण रहेको छ जसले यसलाई करकूट वंशसित जोड़दछ।

**मौसम**

मौसम विज्ञान विभाग (आईएमडी) ले दिल्लीमा आज मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना रहेको जनाएको छ।

मौसम विज्ञान विभाग ले अरुणाचल प्रदेश, आसाम, मेघालय, सिक्किम अनि पश्चिम बंगालको निम्न हिमालय क्षेत्रमा भारी वर्षाको पूर्वानुमान गरेको छ। विभागका अनुसार बिहार, पूर्वी उत्तर प्रदेश, केरला, माहे, तमिलनाडु, पुडुचेरी, कराईकल अनि उत्तराखण्डमा पनि भारी वर्षाको सम्भावना रहेको छ। मध्य प्रदेश, राजस्थान, हरियाणा, चण्डीगढ, हिमाचल प्रदेश,

झारखण्ड, लक्षद्वीप, रायलसीमा र पश्चिम उत्तर प्रदेश लगायत उत्तरपूर्वी भारतका केही भागहरूमा यस्तै अवस्था रहने अनुमान ब्येक्त गरिएको छ।

## एशिया कप वेन्यू

एशियाई क्रिकेट परिषदले एशिया कप टी-20 मयाचहरुको लागि स्थानहरुको घोषणा गरेको छ। पुरुष क्रिकेट टीम बीच हुने एशिया कप 9 देखि 28 सितंबर सम्म **संयुक्त अरब अमीरात- यूएई** मा खेलिने छ। दुबईमा फाइनल सहित 11 म्याच खेलिने छ जबकि अबू धाबीमा आठ म्याचहरु खेलिनेछ। भारतले एशिया कपमा आफ्नो अभियानको शुरुआत 10 सितंबरमा यूएई बिरुद्ध गर्नेछ। भारत-पाकिस्तानको म्याच 14 सितंबरको दिन दुबईमा खेलिनेछ। टूर्नामेंटमा आठ टीमहरु छन्। भारत, पाकिस्तान, यूएई अनि ओमानलाई ग्रुप ए मा राखिएको छ , जबकि ग्रुप बी मा बांग्लादेश, श्रीलंका, अफगानिस्तान अनि हांगकांग सामेल छन्।

## तेलंगाना-खेल नीति

तेलंगानाका मुख्यमंत्री ए. रेवंत रेड्डीले हिज प्रथम तेलंगाना खेल सम्मेलनमा , राज्यको खेल नीति घोषित गर्नुभयो। यस अन्तर्गत राज्यमा खेल ढांचाको विस्तार गरिनेछ , खेलमा करिअरलाई बढ़ावा दिइने छ र खेल-कूदको माहौललाई असल बनाइने छ। यसको लागि राज्य सरकारले तेलंगाना खेल विकास कोषको प्रबंधनको लागि 14 सदस्यहरुको शासी बोर्डको गठन गरेको छ। यीनमा कपिलदेव, अभिनव बिंद्रा, पुलेला गोपीचंद, बाइचुंग भूटिया र संजीव गोयनका जस्ता नामी खिलाड़ी शामेल हुनेछन्।राज्य सरकारले प्रदेशमा खेललाई बढ़ावा दिनका लागि देश-विदेशका कयौ खेल संगठनहरुको साथ समझौता पनि गरेका छन्।

## पुर्तगाल-जंगल की आग

पुर्तगालमा भीषण गर्मी र जंगलमा लागेको आगोको बढ़दो खतराको कारण अलर्ट जारी गरिएको छ। तापमान 44 डिग्री सेल्सियससम्म पुग्ने संभावना व्यक्त गरिएको छ। गृह मंत्री मारिया लूसिया अमरलले अलर्टको घोषणा गर्नु हुदै आउने कठिन दिनहरुको लागि चेतावनी दीएकी छन्। मीडिया रिपोर्ट अनुसार, अग्निशमन बलहरु र सुरक्षा सेवाहरुलाई अझ मजबूत गरिनेछ र आगो लाग्ने आशंका भएका गतिविधिहरु , जस्तै जलाउने , मशीनरीको उपयोग र आतिशबाजीमाथि प्रतिबंध लगाइने छ।

## क्रिकेट- भारत-इंग्लैंड टेस्ट

लंदनमा भैरहेको एंडरसन-तेंदुलकर क्रिकेट श्रृंखलाको पाँचओ अनि अंतिम टेस्ट म्याचको चौथो दिन आज इंग्लैंडले एक विकेटमा 50 रन देखि अघि खेल्ने छ। भारतले इंग्लैंडलाई जीतको लागि 374 रनको लक्ष्य दिएको छ। जवाबमा इंग्लैंडले हिज तेस्रो दिन दोस्रो पारीमा एक विकेटमा 50 रन बनाएको थियो। यस भन्दा पुर्ब भारतले आफ्नो दोस्रो पारीमा 396 रन बनाए ।पहिलो पारीमा भारतले 224 अनि इंग्लैंडले पहिलो पारीमा 247 रन बनाएको थियो। इंग्लैंड श्रृंखलामा 2-1 ले अघि रहेको छ।